# सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिद्धार्थनगर, रुपन्देही
## लुम्बिनी प्रदेश, नेपाल

सुचना !　　　　सुचना ! !　　　　सुचना ! ! !

**प्रकाशित मिती : २०७९।१२।१**

यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम युवा लक्षित अन्तर्गत चालु आ.व.मा संचालित हुने ४५ दिने लोक सेवा तयारी कक्षाका लागि सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्रका १३ वटै वडाबाट ५० जना सम्म सहभागिहरुको छनौट गर्नु पर्ने र छनौट भएका सहभागिलाई रुपन्देही क्याम्पस,सिद्धार्थनगर लोकसेवा तयारी कक्षामा सहभागि गराईने भएकोले देहायका योग्यता पुगेका सिद्धार्थनगर नगरपालिकामा स्थायी ठेगाना भएका उमेदवारले यस कार्यालयको सामाजिक विकास शाखामा मिती २०७९।१२।७ गते भित्र निवेदन सहित नेपाली नागरिकताको प्रमाण पत्र र शैक्षिक योग्यताको प्रमाण पत्र पेश गर्नु हुन सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । रित पूर्वक नभएका तथा म्याद नाघी आएका निवेदन स्वीकार नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.स | तह(अप्राविधिक) | योग्यता |
|---|---|---|
| १ | सुब्बा वा सो सरह | १.नेपाली नागरिक<br>२.प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण<br>३.सिद्धार्थनगर नगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेको<br>४. महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्दछ भने पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्दछ । |

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:**

- नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि
- हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति
- कम्तिमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको
- आवश्यक संख्या भन्दा बढी आवेदन प्राप्त भएमा प्रविणता प्रमाणपत्र वा सो सरहको प्राप्ताङ्क प्रतिशतबाट सहभागी छनौट गरिनेछ ।
- छनौट सम्बन्धी सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

**नोट : छनोट भएका प्रशिक्षार्थिहरुको नामावली मिती २०७९।१२।८ पछि प्रकाशित गरिनेछ ।**

नवराज पौडयाल
प्रमुख प्रशासकीय अधिकृत